बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

# आ.व. २०८१।०८२ को सातौँ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरू

(मिति २०८१।१०।११)

**प्रस्तावहरू:**

१. अघिल्लो बैठकका निर्णयको कार्यान्वयन अवस्था समीक्षा सम्बन्धमा।
२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा।
३. चालु आ.व. मा सञ्चालन हुने योजनाको सम्झौता गरिसक्नुपर्ने म्याद थप सम्बन्धमा।
४. घरपालुवा कुकुर व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।
५. कृषि तथा पशु उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८१ सम्बन्धमा।
६. बाल अधिकार सम्बन्धी कार्यविधि/निर्देशिका तर्जुमा गर्ने सम्बन्धमा।
७. We Can We Do कार्यविधि स्वीकृत सम्बन्धमा।
८. नमुना विद्यालय गुरुयोजना संशोधन, बार्षिक कार्यान्वयन योजना, २०८१ र शैक्षिक तथा व्यवस्थापकीय अनुदानको प्रस्तावना स्वीकृत सम्बन्धमा।
९. LISA र FRA मूल्याङ्कनका लागि पठाउने सम्बन्धमा।
१०. आमा समूहसँग उपमेयर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ संशोधन सम्बन्धमा।
११. फोहोर व्यवस्थापन तथा सरसफाई केन्द्रका निर्माण गर्नका लागि जग्गा भाडामा लिने सम्बन्धमा।
१२. विविध कार्यक्रम, क्षति एवं सहयोगका रूपमा सिर्जना भएका दायित्वको भुक्तानी सम्बन्धमा।
१३. सङ्घीय र प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित अन्य कार्यालयहरूसँगको समन्वय सम्बन्धमा।
१४. रोजगार संयोजक सम्बन्धमा
१५. कृषि पकेट क्षेत्र सम्बन्धमा
१६. विविध सम्बन्धमा

**उल्लिखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णय गरियो।**

**निर्णय नं. १**

यस अघिको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। निर्णय कार्यान्वयनलाई तीव्र पार्दै उच्च स्तरको कार्यसम्पादनको लागि कार्यालयलाई निर्देशन गर्ने।

**निर्णय नं. २**

सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) को च.नं. १३०, मिति २०८१।१०।०७ को प्राप्त पत्रबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगकोको निर्णय अनुसार सार्वजनिक निकायबाट खुल्ला रूपमा

सुरेन्द्र के.सी.
नगर प्रमुख

प्रतिस्पर्धा गराई निर्माण गर्नुपर्ने सरकारी भवनहरूको निर्माण समेत उपभोक्ता समितिबाट गराईएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली , २०६४ बमोजिम गर्न सुझाव प्राप्त भएकाले आयोगबाट प्रदान गरिएको सुझावलाई कार्यान्वयन गर्दै लैजाने।

**निर्णय नं. ३**

यस पूर्व मिति २०८१।०४।२७ को निर्णय बमोजिम चालु आ.व. २०८१।८२ मा सञ्चालन हुने योजना तथा कार्यक्रमको सम्झौता गरिसक्नुपर्ने अवधि पौष मसान्तसम्म कायम भएकोमा कार्यालयमा प्राविधिक जनशक्तिको अभाव लगायत अन्य विविध कारणबाट उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको सम्झौता गरिसक्नुपर्ने अवधि थप गर्नुपर्ने देखिएकाले २०८१ फागुन मसान्तसम्म सम्झौता गरिसक्नुपर्ने अवधि कायम राख्ने।

**निर्णय नं. ४**

घरपालुवा कुकुर व्यवस्थापन कार्यविधि, २०८१ यस बैठकमा दफावार छलफल भयो। पेस भएको उक्त कार्यविधि उपर छलफलका क्रममा प्राप्त भएका सुझावहरु समेत समावेश गरी आजको बैठकबाट सो कार्यविधि स्वीकृत गर्ने।

**निर्णय नं. ५**

कृषि तथा पशु उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८१ बैठकमा बैठकमा दफावार छलफल भयो। पेस भएको उक्त कार्यविधि उपर छलफलका क्रममा प्राप्त भएका सुझावहरु समावेश गरी आजको बैठकबाट सो कार्यविधि स्वीकृत गर्ने।

**निर्णय नं. ६**

बालबालिकाको अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्न यस नगरपालिकाको बाल अधिकार सम्बन्धी कार्यविधि/निर्देशिका तर्जुमा गर्नुपर्ने देखिएकाले बालबालिका सम्बन्धी ऐन, २०७५ र गण्डकी प्रदेश सभाबाट जारी प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यविधि निर्माण गर्न सकिने व्यवस्था बमोजिम कार्यविधि/निर्देशिकाको मस्यौदा तर्जुमा गर्नको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई जिम्मा दिने।

**निर्णय नं. ७**

शिक्षा शाखाबाट मस्यौदा भई विभिन्न चरणमा छलफल भएको We Can We Do कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ यस बैठकमा पेस हुन आएकाले सो कार्यविधि स्वीकृत गरी सोही बमोजिम यस आर्थिक वर्षका कार्यक्रम कार्यान्वयन गर्ने।

**निर्णय नं. ८**

यस नगरपालिकाको वडा नं. ६, अर्थुङ्गे स्थित एकमात्र नमुना विद्यालय श्री जामुनाखर्क माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई नमुना विद्यालय गुरुयोजना संशोधन, बार्षिक कार्यान्वयन योजना, २०८१ र शैक्षिक तथा व्यवस्थापकीय अनुदानको प्रस्तावना स्वीकृत गरिदिन अनुरोध भई आएकाले सिफारिस बमोजिमको नमुना विद्यालय गुरुयोजना संशोधन, बार्षिक कार्यान्वयन योजना, २०८१ र शैक्षिक तथा व्यवस्थापकीय अनुदानको प्रस्तावना पत्र स्वीकृत गर्ने।

सुरेन्द्र के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

**निर्णय नं. ९**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तय भएका सूचकहरू आधारमा मूल्याङ्कन हुने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment-LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (Fiduciary Risk Assessment-FRA) को यस नगरपालिकाको आ.व. २०८०।८१ तोकिएको विद्युतीय प्रणालीमा प्रविष्टी गरिएकाले पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने र उक्त कार्यालयबाट पृष्ठपोषण प्राप्त भएपश्चात् मन्त्रालयको पोर्टलमा प्रकाशन (Publish) गर्ने।

**निर्णय नं. १०**

आमा समूहसँग उपमेयर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ मा देहाय बमोजिम संशोधन गर्ने।

संशोधन गरिने विषयहरू:

क) दफा ५ को उपदफा ४ मा "प्रति आमा समूह ५० हजार देखि ५ लाख रूपैयाँसम्म" भन्ने शब्दको सट्टा "प्रति आमासमूह ५० हजार देखि १० लाख रूपैयाँसम्म" भन्ने शब्द राख्ने।

ख) अनुसूची-३ का प्रस्ताव पेस गर्न सकिने सीपमूलक तालिमका क्षेत्रहरूमा आमा समूहलाई प्रविधि समेत हस्तान्तरण गर्न सकिने गरी संशोधनको व्यवस्था मिलाउने।

**निर्णय नं. ११**

यस नगरपालिकाको लागि उपयुक्त स्थानमा फोहोर व्यवस्थापन तथा सरसफाई केन्द्रका निर्माण गर्नका लागि पहिले देखिनै निःशुल्क जग्गा प्राप्तिको पहल गरिएकोमा निःशुल्क जग्गा प्राप्ति गर्न नसकिएको साथै मिति २०८१।१०।०३ मा कार्यालयबाट जारी गरिएको निःशुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना बमोजिम कोही पनि व्यक्ति/संस्था/निकायबाट निःशुल्क रूपमा जग्गा उपलब्ध गराउने गरी लिखित वा मौखिक रूपमा समेत कार्यालयलाई जानकारी नगराएकाले वडा नं. ४ स्थित जोगिगाडे क्षेत्रको करिब ८ रोपनी क्षेत्र भाडामा लिन सार्वजनिक खरिद ऐन, २०६३ र बेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं. १२**

विविध कार्यक्रम, क्षति एवं सहयोगका रूपमा सिर्जना भएका तपसिल बमोजिमका दायित्वको भूक्तानी देहायबमोजिम गर्ने।

| क्र.सं. | सिर्जित दायित्वहरू | भूक्तानी खर्च शीर्षक | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | कृष्ण गण्डकी सेवा हरितालिका तिज र १६ दिने अभियान खर्च | आर्थिक सहयोग | २०,००० | प्रास्तावना पत्र र बिल भरपाइ संलग्न राखि भुक्तानी गर्ने। |
| २. | बेनी नगरपालिका भलिबल संघ | खेलकुद सहयोग कार्यक्रम | ५०,००० | म्याग्दी महोत्सबमा प्रथम टोली |
| ३. | कमेरे खानेपानी मुद्दा खर्च, वडा नं. १, रत्नेचौर | सेवा र परामर्श | १,००,००० | सम्झौता संलग्न राखी भुक्तानी गर्ने। |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| ४. | पिपलडाँडा आमासमूह भवन मर्मत खर्च | विपद् व्यवस्थापन | ३०००० | प्राविधिक लागत अनुमानका आधारमा बढीमा ३० हजार। |
| ५. | ८ औं म्याग्दी महोत्सब (वडा नं. ६ बाट रू. ५५ हजार, वडा नं. ७ बाट रू. १ लाख ५० हजार ) | वडा नं. ६ र ७ का आर्थिक सहयोग एवं मेलामहोत्सब | २,०५,००० | प्रस्तावना पत्र बमोजिमका बिल भरपाई संलग्न राखी वडा कार्यालयको सिफारिस बमोजिम भूक्तानी गर्ने। |
| ६. | ८ औं म्याग्दी महोत्सबमा नगरपालिकाको तर्फबाट आर्थिक गतिविधि प्रवर्द्धन गर्न नगरपालिका-उद्योग वाणिज्य, म्याग्दीसँगको सार्वजनिक निजी साझेदारी कोषबाट भुक्तानी हुने गरी गरी रू. ५ लाख रकम। ( राजश्व उठ्ती अनुसार हुने गरी) | | | |

**निर्णय नं. १३**

सङ्घीय र प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित अन्य कार्यालयहरूबाट यस नगरपालिका र अन्तर्गतका वडा कार्यालहरूमा बजेट विनियोजन भएको र कार्यान्वयन प्रक्रियामा रहेको वा नरहेको सम्बन्धमा जानकारी नहुने एवं अन्तर कार्यालयगत समन्वय बिना कार्यहुँदा एकै स्थानमा दोहोरो कार्य एवं भुक्तानी हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न नगरपालिका र सङ्घीय र प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित अन्य कार्यालयहरूसँग चालु आर्थिक वर्षमा यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुको जानकारी माग गर्ने।

**निर्णय नं. १४**

यस कार्यालय अन्तरगत रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजक पदको पदपूर्ति गर्न संघीय सरकारले जारी गरेको **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** को दफा ६ बमोजिम पदपूर्ति समितिको संयोजकको रुपमा राजपत्राङ्कित द्वितीय श्रेणीका बहालवाला उपसचिव एवं म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीको रुपमा कार्यरत रहनुभएका श्री गुरुदत्त ढकाल ज्यूलाई र विज्ञको रुपमा राजपत्राङ्कित द्वितीय श्रेणीका बहालवाला उपसचिव एवं म्याग्दी जिल्लाका प्रमुख कोष नियन्त्रक श्री किरण चन्द्र सुवेदीज्यूलाई तोक्ने।

**निर्णय नं. १५**

बेनी नगरपालिकामा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत् आ.व २०८१/०८२ मा नयाँ केरा पकेट विकास सञ्चालन गर्नका लागि रु. १२,००,०००/ प्राप्त भएको हुँदा उक्त कार्यक्रम संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०८१ को परिच्छेद ४ को दफा ४.१.८. को ङ अनुसार बेनी नगरपालिका वडा नं ९ को काउलेगौंडा क्षेत्रलाई केरा पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गर्ने। त्यस्तै गरी बेनी नगरपालिकामा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत् आ.व २०८१/०८२ मा नयाँ किवी पकेट विकास सञ्चालन गर्नका लागि रु. १२,००,०००/ प्राप्त भएको हुँदा उक्त कार्यक्रम संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

म्यानुअल २०८१ को परिच्छेद ४ को दफा ४.१.८. को ङ अनुसार बेनी नगरपालिका वडा नं. ३ को भकिम्ली क्षेत्रलाई किवी पकेट क्षेत्र निर्धारण गरी उक्त क्षेत्रबाट निवेदन पेश भएका आवेदन मध्ये श्री स्वर्गाश्रम कृषक समूह, बे.न.पा-३ मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरिएको छ।

**निर्णय नं. १६** विविध सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) वडा नं. २ मा कृषि बालीमा क्षतिबापतको राहत रकम सम्बन्धमा विपद् समितिबाट यकीन गरी पुनः पेश गर्ने।

ख) वडा नं. ७ मा वर्षायाममा गएको पहिरोले कृषकको खेतमा पुर्याएको क्षतिका सम्बन्धमा स्थलगत अवलोकन गर्ने र प्राविधिक लागत अनुमान तयार गरी अर्को बैठकमा पेश गर्ने।

ग) जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विद्यार्थीहरुलाई सहभागी गराउँदा हुने अपुग खर्च व्यवस्थापन मेयरसँग युवा विद्यार्थी कार्यक्रमबाट व्यहोर्ने गरी लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गर्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल